## नेपालका लागि महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनको प्रेस वक्तव्य

२०६५ जेठ १५ (२८ मे २००८)

नेपाली जनताले संवधिानसभा गठन गर्नमा हासिल गरेको ऐतिहासिक सफलताका लागि म हार्दिक बधाइ ज्ञापन गर्दछु । अभूतपूर्व रूपले समावेशी यस सभाको निर्वाचनमा सहयोग पुऱ्याउन पाएकोमा संयुक्त राष्ट्रसंघ गौरवान्वित छ । नयाँ संविधान तयार गर्ने गम्भीर उत्तरदायित्वका साथै अन्तरीम विधायिकाका रूपमा रही नेपालको शान्ति प्रक्रियाको आगामी महत्वपूर्ण चरणमा दिगो शान्ति, आर्थिक तथा सामाजिक प्रगति, लोकतन्त्र र मानव अधिकार सम्बन्धी जनआकाङ्क्षा पूरा गर्ने दायित्व लोकतान्त्रिक ढङ्गले निर्वाचित यसका सदस्यहरूमा रहेको छ ।